# मिति २०८३।०३।०७ गतेको बाह्रौं कार्यपालिका बैठकको मुख्य निर्णयहरु

१. बैठकमा प्रस्तुत भएको आ व २०८३/८४ को नीति तथा कार्यक्रमको मस्यौदा उपर छलफल भयो । प्रस्तुत नीति तथा कार्यक्रम स्वीकृत गरि आगामी नगर सभामा छलफल तथा पारितका लागि पेश गर्ने ।

२. आर्थिक विधेयक, २०८३ बैठकमा पेश भइ छलफल गरियो । उक्त विधेयक आगामी नगर सभामा छलफल तथा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

३. विनियोजन विधेयक, २०८३ बैठकमा पेश भइ छलफल गरियो । कुल बजेट ११७६४१३००० एक अर्ब सत्र करोड चौसठ्ठी लाख तेहहजार सहितको उक्त विधेयक आगामी नगर सभामा छलफल तथा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

४. इलाम नगरपालिकाको आ.व. २०८३।८४ को मध्यमकालीन खर्च संरचना स्वीकृत गर्ने ।

५. विधायन समितिको मिति २०८३।०३।०४ को बैठकबाट थप छलफलका लागि सिफारिस भई आएका देहायका विधेयक तथा प्रतिवेदन सम्बन्धमा बैठकमा प्रस्तुत भइ छलफल भयो । आगामी नगरसभामा छलफल तथा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

देहाय

क. विधायन समितिको आ.व. २०८२।८३ को प्रतिवेदन

ख. नगर प्रहरी व्यवस्थापन ऐन, २०७५ (तेस्रो संशोधन) विधेयक

ग. विकास निर्माण मापदण्ड, २०७४ (आठौं संशोधन) विधेयक

घ. इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन विधेयक, २०८३

६. सुशासन तथा स्थानीय सेवा समितिको मिति २०८३।०३।०४ को बैठकबाट थप छलफलका लागि सिफारिस भई आएका देहायका प्रतिवेदन सम्बन्धमा बैठकमा प्रस्तुत भइ छलफल भयो । आगामी नगरसभामा छलफल तथा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

देहाय

क. सुशासन तथा स्थानीय सेवा समितिको आ.व. २०८२।८३ को प्रतिवेदन

ख. इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०७६ (छैठौं संशोधन)

७. अर्थ तथा सार्वजनिक लेखा समितिको मिति २०८३।०३।०४ को बैठकबाट थप छलफलका लागि सिफारिस भई आएका देहायका प्रतिवेदन सम्बन्धमा बैठकमा प्रस्तुत भइ छलफल भयो । आगामी नगरसभामा छलफल तथा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

देहाय

क. अर्थ तथा सार्वजनिक लेखा समितिको आ.व. २०८२।८३ को प्रतिवेदन ।

ख. आ.व. २०८१।८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदनले औंल्याएका बेरुजु नियमित गर्ने सम्बन्धी।

८. इलाम नगरपालिकाको भू-उपयोग योजना (Land Use Plan) तयारीका लागि डिभिजन वन कार्यालय, इलाम र इलाम नगरपालिकाबीच भएको समझदारी पत्र (MOU) बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ अनुरुप यस कार्यालयको मौजुदा सूचीमा सूचिकृत परामर्शदाताहरुबाट प्राप्त प्रस्तावको मूल्याङ्कन गरि प्रस्तावदाता श्री जियो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौंसँग भएको परामर्श सेवाको खरिद सम्झौत बमोजिम तोकिएको मिति भित्र प्रस्तावदाताबाट पेश भएको भू-उपयोग योजना (Land Use Plan) लाई समझदारी पत्र (MOU) को बुदा नं. ६.३ बमोजिम गठित संयुक्त प्राविधिक कार्यदलबाट भएको सिफारिस बमोजिम स्वीकृत गर्ने साथै सम्झौता बमोजिमको रकम निकासाका लागि प्रकृया अगाडी बढाउन डिभिजन बन कार्यालय, इलामलाई पत्राचार गर्ने ।

९. प्राङ्गारिक कृषि प्रणाली सम्वन्धी कार्यक्रमका लागि विनियोजित बजेटको कार्यान्वयन कृषि विकास शाखाबाट गर्ने ।

१०. ब्लुमबर्ग फिलान्थ्रोपिज (Bloomberg Philanthropies) को आर्थिक सहयोग तथा ब्लुमबर्ग सेन्टर फर पब्लिक इनोभेसन (BCPI) - जोन्स हप्किन्स विश्वविद्यालय, C40 सिटिज क्लाइमेट लिडरसिप ग्रुप, र युनाइटेड सिटिज एण्ड लोकल गभर्नमेन्ट्स (UCLG) को साझेदारी एवं रकफेलर फिलान्थ्रोपी एडभाइजर्स (RPA) को वित्तीय

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, इलाम, नेपाल
२०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापनमा सञ्चालित विश्वव्यापी Youth Climate Action Fund (YCAF) कार्यक्रमका लागि छनौट भएका विश्वका ३०० सहरहरूमध्ये इलाम नगरपालिका पनि छनौट भएकोमा उक्त कार्यक्रमका लागि प्राप्त हुने ५०,०००।— (अक्षरेपी पचास हजार) अमेरिकी डलर बराबरको स्वीकृत अनुदान रकम इलाम नगरपालिकाको खातामा प्राप्त गर्ने प्रयोजनका लागि सम्बन्धित निकायहरूमा पूर्वस्वीकृती लगायतका आवश्यक प्रक्रिया अगाडि बढाउन लेखी पठाउने तथा सो प्रक्रियाका लागि आवश्यक पत्रचार, समन्वय र सम्झौता गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने साथै थप छलफल तथा अनुमोदनका लागि नगर सभा समक्ष पेश गर्ने।

११. इलाम नगरपालिका, ७ नं. वडा कार्यालयको च.नं. ११५१, मिति २०८३।०२।२७ को प्राप्त पत्रानुसार इ.न.पा. ७ स्थित ताराकुटी टोल विकास संस्थाबाट वेनुवराज प्रसाईको घर (खुसी महल) देखि खत्रिको घर सम्म जाने बाटोलाई स्व. लोक बहादुर खत्रीको नामबाट नामाकरण गर्ने निर्णय गरियो ।

१२. स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ (१) बमोजिम आ व २०८३/८४ मा इलाम नगरक्षेत्रभित्र सञ्चालन हुने निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागी आ व २०८३/८४ को इलाम जिल्लाको स्विकृत जिल्ला दररेट बमोजिम नै हुने गरी निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानिय न्युनतम दररेट तोक्ने निर्णय गरियो ।

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, इलाम, नेपाल
२०७२

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत